नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

०९४-४२०१३३
०९४-४२०१५१
०९४-४२०१०८
०९४-४११२११
daodoti@moha.gov.np

सिलगढी
डोटी, नेपाल ।

प.स. २०७९/०८०
चलानी नं.

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

## विज्ञप्ति

मिति २०७९ कार्तिक २३ गते विहान ०२:१२ बजे डोटीस्थित खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्रलाई केन्द्रविन्दु बनाई आएको भूकम्पका कारण यस जिल्लाको पूर्वीचौकी गाउँपालिका वडा नं. ३ गैरागाँउमा ६ जनाको मृत्यु, ८ जना घाइते र २८ घरपरिवार (१४ घर पूर्ण क्षति सहित) विस्थापित भएको प्रारम्भिक विवरण प्राप्त भएको छ। घाइते मध्ये ६ जनाको जिल्ला अस्पताल डोटीमा उपचार भई डिस्चार्ज भैसकेको र २ जना घाइतेलाई नेपाली सेनाको हेलीकप्टर मार्फत सेती प्रादेशिक अस्पतालमा लगी उपचार भइरहेको छ। भूकम्पबाट यस जिल्लाका अन्य स्थानीय तहहरुमा समेत भएको क्षतिको विवरण सम्बन्धित स्थानीय तहको समन्वयमा विवरण संकलन गर्ने कार्य भइरहेको छ । यस घटनामा परी ज्यान गुमाउने व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकूल परिवार र आफन्तहरुमा समवेदनाका साथै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

भुकम्प प्रभावितहरुको तत्काल खोज, उद्धार तथा राहतका लागि स्थानीय तहको समन्वयमा नेपाली सेना, भैरव प्रसाद गण, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल नं. ३६ गण, रेडक्रस सोसाइटी जिल्ला शाखा डोटी र स्थानीय बासिन्दा समेत परिचालन भई तदारुकताका साथ खोज, उद्धार तथा राहत वितरणको कार्य गरिएको, भूकम्प प्रभावितहरुको लागि गृह मन्त्रालय, राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रबाट गैरखाद्य राहत सामाग्री प्राप्त भैसकेको र भूकम्पबाट भएको क्षतिको विवरण स्थानीय तहसँगको समन्वयमा संकलन गर्ने कार्य भइरहेको व्यहोरा अनुरोध छ ।

मिति २०७९/०७/२४

२०७९/७/२४
.........................
कल्पना श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी